# नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभाग

**"नागरिक बचतपत्र २०६७'क'" : कार्यविधि"**

(१) दरखास्त फाराम:

बै.फा. रा.ऋ. ना.ब.प.१ नं. दरखास्त फाराम दुई प्रति बचतकर्तालाई भर्न लगाई एक प्रति सम्बन्धित कार्यालयमा र एक प्रति अन्य कागजात सहित राष्ट्र ऋण व्यवस्थापन विभागमा पठाउनु पर्नेछ । दरखास्त फाराममा बचतपत्र खरिद गर्न चाहेको रकम अङ्क र अक्षरमा स्पष्ट लेखी बचतपत्रको ब्याजदरको प्रतिशत, नागरिक बचतपत्र २०६७"क" (३-वर्षे) उल्लेख गर्नु पर्नेछ । अन्य विवरणहरु अन्तर्गत किसिम महलमा प्रमिशरी नोट वा स्टक खुलाई दर, थान र जम्मा मूल्य उल्लेख गर्नु पर्नेछ । बचतपत्र खरिद गर्ने व्यक्तिले दरखास्त फाराममा नाम देवनागरी र अंग्रेजीमा उल्लेख गरी, पत्राचार गर्ने ठेगाना, टेलिफोन नं., नेपाली नागरिकताको प्रमाणपत्रको नम्बर र लिएको जिल्ला खुलाई अनिवार्य रुपमा दस्तखत गरी दरखास्त फाराम साथ नागरिकता नम्बर, फोटो र नागरिकता लिएको जिल्ला प्रष्ट बुझिने नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ । साथै, दरखास्त फाराममा उल्लेख गरिएको "दरखास्त बुझिलिने कार्यालयले भर्ने" भन्ने ठाउँमा दरखास्त बुझ्ने कार्यालयको नाम, स्थान र मिति लेखी कार्यालयको छाप लगाई कार्यालयमा दाखिला भएको रकम अङ्क र अक्षरमा लेखी उक्त रकम यस बैंकको बैंकिङ्ग कार्यालय स्थित सम्बन्धित बचतपत्रको खातामा जम्मा भएको व्यहोरा सम्बन्धित अधिकृतबाट प्रमाणित गरेको हुनु पर्नेछ ।

(२) दुई व्यक्ति वा नाबालकको नाममा बचतपत्र खरिद:

दुई व्यक्तिले संयुक्त नाममा पनि बचतपत्र खरिद गर्न सक्नेछन् । यसरी दुई व्यक्तिले बचतपत्र खरिद गर्दा दुई नामको बीचमा "र" अथवा "वा" राखी खरिद गर्न सकिने छ । दुई जनाले "र" बाट बचतपत्र खरिद गर्दा दुवै व्यक्तिले संयुक्त रुपमा मात्र उक्त बचतपत्रको कारोवार गर्न सक्नेछन् भने "वा" बाट बचतपत्र खरिद गर्दा दुई जनामध्ये एक जना व्यक्तिले मात्र पनि बचतपत्रको कारोवार गर्न सक्नेछ । यसरी दुई व्यक्तिले बचतपत्र खरिद गर्दा दरखास्त फाराममा दुवै जनाको दस्तखत र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । नाबालकको तर्फबाट संरक्षकले बचतपत्र खरिद गर्न सक्नेछ । यसरी बचतपत्र खरिद गर्दा नाबालकको नाम र जन्म मिति खुलेको जन्मदर्ता प्रमाणपत्र र त्यस्तो नाबालकको आमा, बाबु वा संरक्षकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । साथै, दरखास्त फाराममा संरक्षकले हस्ताक्षर गरेको हुनु पर्नेछ । नाबालकको हकमा आमा वा बाबु नभएको अवस्थामा अन्य व्यक्ति संरक्षक बस्न चाहेमा स्थानीय निकायको सिफारिशमा जिल्ला प्रशासन कार्यालयले त्यस्तो नाबालक व्यक्तिको निज संरक्षक भएको व्यहोरा प्रमाणित गरिदिएको पत्रको आधारमा अन्य व्यक्ति संरक्षक हुन सक्नेछ ।

(३) लेखपढ गर्न नजान्ने व्यक्तिले बचतपत्र खरिद:

लेखपढ गर्न नजान्ने व्यक्तिले बचतपत्र खरिद गर्न चाहेमा दरखास्त फाराममा अन्य कुराको अतिरिक्त निवेदन साथ एक प्रति फोटो र प्रत्येक थान बचतपत्रको लागि एक/एक प्रति फोटो सहित दुवै हातको बुढी औंलाको छाप स्पष्ट लगाउनु पर्नेछ । यस्ता आवेदकहरुलाई स्टकको रुपमा मात्रै प्रमाणपत्र उपलब्ध गराइने छ ।

(४) भौचर भर्ने विधि:

यस विभागबाट उपलब्ध गराइएको तीन प्रति भौचरमा रकम जम्मा गरेको मिति, रकम जम्मा गरेको कार्यालयको नाम, स्थान र बचतपत्रको सिरिज उल्लेख गर्नु पर्नेछ । नेपाल राष्ट्र बैंकको उपत्यका बाहिरका कार्यालयमा रकम जम्मा गर्दा सोही कार्यालयको नाम लेखी सो रकम सा.हि.नं.५ मा जम्मा गरेको हुनु पर्नेछ । भौचरमा रकम अङ्क र अक्षरमा उल्लेख गरी दरखास्तवालाको नाम र निजको ठेगाना उल्लेख गर्नु पर्नेछ । यदि दुई जना वा नाबालकको नाममा बचतपत्र खरिद गर्ने भएमा भौचरमा दुबैको नाम ( फाराममा उल्लेख भए अनुसार ) र नाबालकको हकमा संरक्षकको नाम समेत उल्लेख गर्नु पर्नेछ । तीन प्रति भौचरमध्ये १ नं. दरखास्तवालालाई दिने, २

नं.रकम जम्मा गर्ने बैंक कार्यालयमा राख्ने र ३ नं. दरखास्त सहित यस विभागमा पठाउनु पर्नेछ । सम्बन्धित धनीलाई बचतपत्रको प्रमाणपत्र दिँदा रकम दाखिला गरेको १ नं. भौचर बुझाए पछि मात्र दिइने हुँदा त्यस्तो भौचर सुरक्षितसाथ राख्न सम्बन्धित खरिदकर्तालाई जानकारी गराउनु पर्नेछ । बजार निर्माता मार्फत रकम जम्मा गर्दा बजार निर्माताले ग्राहकलाई आफ्नै रसिद मार्फत रकम जम्मा गरेको भरपाई दिई सोही दिन सो रकम नेपाल राष्ट्र बैंकको सम्बन्धित बचतपत्र हिसाब (विवरण सहित)मा एकमुष्ट जम्मा गर्न पनि सक्नेछन् । यसरी रकम जम्मा गर्दा अनिवार्य रुपमा सोही दिन नै नेपाल राष्ट्र बैंकको सम्बन्धित बचतपत्र खातामा जम्मा गरी सो को जानकारी राष्ट्र ऋण व्यवस्थापन विभागलाई दिनु पर्नेछ ।

(५) ऋणपत्र किसिम र खरिद सीमा:

दरखास्त फाराममा उल्लेख भएको बचतपत्रको किसिम (प्रमिसरी नोट/स्टक) अनुसार प्रमाणपत्र दिइनेछ । यसरी किसिम पुरा नखुलाएको भएमा बचतकर्ताको नाममा प्रमिशरी नोटको प्रमाणपत्र बनाइने छ । बचतपत्र कम्तीमा रु.१ हजार वा १ हजारले भाग गर्दा निःशेष हुनेगरी रू.१० लाखमा नबढाई  खरिद गर्न सकिनेछ ।

(६) कारोवारको जानकारी दैनिक रुपमा दिनु पर्ने:

यस बैंकका उपत्यका बाहिरका कार्यालय, बाणिज्य बैंक र बजार निर्माता मार्फत बिक्री भएको बचतपत्रको कारोवारको विवरण सोही दिन बैंकिङ्ग समयपछि राष्ट्र ऋण व्यवस्थापन विभागलाई दिनु पर्नेछ । उपत्यका भित्रका बजार निर्माताले बचतपत्रको कारोवार विवरण, रकम जम्मा गरेको भौचर र रितपूर्वकका निवेदन फाराम राष्ट्र ऋण व्यवस्थापन विभागमा बैंकिङ्ग समयपछि अनिवार्य रुपमा सोही दिन बुझाउनु पर्नेछ र उपत्यका बाहिरका बजार निर्माता तथा वाणिज्य बैंकबाट बचतपत्र बिक्री हुँदा कति रकमको बचतपत्र कुन कुन व्यक्तिलाई कति दर र थान बिक्री भयो सो विवरण खोली सो को जानकारी नजिकको नेपाल राष्ट्र बैंकको कार्यालय मार्फत सोही दिन राष्ट्र ऋण व्यवस्थापन विभागलाई फ्याक्स मार्फत अनिवार्य रुपमा दिनु पर्नेछ । साथै, यस बैंकका उपत्यका बाहिरका कार्यालयले पनि कारोवारको जानकारी माथिको सबै विवरण खोली राष्ट्र ऋण व्यवस्थापन विभागलाई सोही दिन फ्याक्स मार्फत दिनु पर्नेछ । यदि कुनै पनि रकमको बचतपत्र बिक्री नभएको अवस्थामा पनि सोही बमोजिमको जानकारी अनिवार्य रुपले फ्याक्स मार्फत दिनु पर्नेछ ।

(७) फाराम तथा भौचर छिटो साधनबाट पठाउनु पर्ने:

उपत्यका बाहिरका कार्यालयले बचतपत्र बिक्री गरेपछि सो को रितपूर्वकका निवेदन फाराम तथा भौचरहरु छिटो तथा सुरक्षित साधनबाट राष्ट्र ऋण व्यवस्थापन विभागमा पठाउनु पर्नेछ ।

(८) नागरिक बचतपत्र बिक्री गर्ने अधिकार:

यो नागरिक बचतपत्र उपत्यका भित्र बजार निर्माताहरु मार्फत र उपत्यका बाहिर यस बैंकका कार्यालयहरु, बजार निर्माताहरु, बाणिज्य बैंकहरुमार्फत बिक्री गर्न सकिनेछ ।

(९) भौचर तथा फाराम:

उपत्यकाका बजार निर्माताहरुले भौचर तथा फाराम राष्ट्र ऋण व्यवस्थापन विभागबाट लिन सक्नेछन् भने उपत्यका बाहिरका बजार निर्माता तथा वाणिज्य बैंकले भौचर तथा फाराम नजिकको यस बैंकको कार्यालयबाट प्राप्त गर्न सक्नेछन् ।

(१०) रकम बाँडफाँड:

रीतपूर्वक राष्ट्र ऋण व्यवस्थापन विभागमा प्राप्त भएका आवेदकहरुको नाममा मात्र बचतपत्र निष्कासन गरिनेछ । साथै, बिक्री खुला गरिएको अन्तिम मितिभन्दा अगावै सम्पूर्ण रकम बिक्री भएमा सोही दिनदेखी बिक्री बन्द

हुनेछ । रीतपूर्वक प्राप्त नभएका आवेदन अस्वीकृत गर्न सकिनेछ । बाँडफाँडमा स्वीकृत नभएको रकम र रितपूर्वक प्राप्त नभएका आवेदकहरुको जम्मा भएको रकम विना व्याज अस्वीकृत भएको मितिले ७ दिनभित्र सम्बन्धित पक्षलाई फिर्ता गरिनेछ । बचतपत्रको बाँडफाँड सम्बन्धी सम्पूर्ण अधिकार राष्ट्र ऋण व्यवस्थापन विभागमा रहनेछ ।

(११) रकम ट्रान्सफर गर्ने:

नागरिक बचतपत्रको लागि दरखास्त सहित दाखिला हुन आएको नगद भए सोही दिन र चेक र ड्राफ्टको रकम भए कलेक्सन भई आएपछि तीन प्रति भौचर भराई सो रकम नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालयस्थित "नागरिक बचतपत्र २०६७'क' हिसाब" मा जम्मा हुने गरी देहाय बमोजिम रकम ट्रान्सफर गर्ने तथा सो को जानकारी राष्ट्र ऋण व्यवस्थापन विभागलाई समेत दैनिक रुपमा दिनु पर्नेछ ।

(क) वाणिज्य बैंकहरुले उपरोक्त रकम उक्त खातामा जम्मा हुने गरी आफ्नो केन्द्रीय कार्यालय वा काठमाण्डौंको बैंकिङ्ग कारोवार गर्ने कार्यालय मार्फत ट्रान्सफर गर्नु पर्नेछ ।

(ख) नेपाल राष्ट्र बैंकका उपत्यका बाहिरका कार्यालयहरुले नेपाल राष्ट्र बैंक सामान्य हिसाब नम्बर ५ मा जम्मा गरी त्यसको एक प्रति सेड्युयल ( विवरण ) नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालयमा पठाउने र सो को जानकारी फ्याक्सबाट सोही दिन राष्ट्र ऋण व्यवस्थापन विभागलाई दिनु पर्नेछ ।

(ग) अन्य संस्थाहरुले यस बैंकको उपत्यका बाहिरका कार्यालय वा बैंकिङ्ग कार्यालय, थापाथलीमा बैंकिङ्ग कारोवार समय भित्र नगद वा नेपाल राष्ट्र बैंकबाट उपलब्ध गराइएको भुक्तानी आदेशबाट रकम जम्मा गर्नु पर्नेछ ।

(१२) बिक्री खुला गरिने अवधि:

सर्वसाधारण नेपाली नागरिकहरुलाई मात्र बिक्री गरिने तथा धितो राखी कर्जा लिन दिन पाइने नागरिक बचतपत्र २०६७"क" को बिक्री खुला हुने अवधि मिति २०६४ चैत्र १४ गते देखि मिति २०६४ चैत्र २१ गते सम्म हुनेछ ।

(१३) बिक्री बन्दको सूचना:

राष्ट्र ऋण व्यवस्थापन विभागले बिक्री बन्दको सूचना गर्नासाथ यो बचतपत्र बिक्री कार्यमा संलग्न सबैले सोही सूचनालाई आधार मानी बिक्री बन्द गर्नु पर्नेछ । साथै बजार निर्माता, उपत्यका बाहिरका यस बैंकका कार्यालय र वाणिज्य बैंकले बिक्री बन्द भएको मितिसम्मको प्रत्येक दिनको बचतपत्रको बिक्री विवरण एकमुष्ट रुपमा सोही दिन राष्ट्र ऋण व्यवस्थापन विभागलाई फ्याक्स मार्फत जानकारी दिनु पर्नेछ ।

(१४) प्रमाणपत्र तथा व्याज भुक्तानी पूर्जा:

बचतपत्र खरिद गर्ने ग्राहकहरुको नाममा निष्कासन हुने बचतपत्र र व्याज भुक्तानी पूर्जा तयार भएपछि बचतपत्र बिक्री गर्ने कार्यालय मार्फत सम्बन्धित पक्षलाई उपलब्ध गराइनेछ । प्रमाणपत्र वितरण सम्बन्धी सूचना दैनिक पत्रिका मार्फत सूचित गरिनेछ ।